# मोबाइल फोन मर्मत तालिम सञ्चालनका लागि आँबुखैरेनी गाउँपालिकाको

# Terms of Reference (TOR)

## १. पृष्ठभूमि

स्थानीय स्तरमा रोजगारीको खोजीमा रहेका युवाहरूलाई सीपयुक्त बनाई स्वरोजगार तथा आन्तरिक रोजगारीका अवसर सिर्जना गर्नु नै आँबुखैरेनी गाउँपालिकाको उद्देश्य रहँदै आएको छ।

वर्तमान समयमा मोबाइल फोनको प्रयोग व्यापक रूपमा बढ्दै गएको र मोबाइल फोन मर्मत, सफ्टवेयर व्यवस्थापन तथा प्राविधिक सेवाको माग बढिरहेको सन्दर्भमा यससम्बन्धी व्यावसायिक सीप प्रदान गर्नु आजको आवश्यक देखिन्छ।

यसै सन्दर्भमा, स्वरोजगार हुन इच्छुक तथा रोजगारीको खोजीमा रहेका लक्षित वर्गलाई मोबाइल फोन मर्मतसम्बन्धी व्यावहारिक ज्ञान, सीप तथा दक्षता प्रदान गरी रोजगारी तथा उद्यमशीलतामा आबद्ध गराउने उद्देश्यले यो Terms of Reference (TOR) तयार गरिएको हो।

## २. तालिमको नाम

मोबाइल फोन मर्मत (Mobile Phone Repairing) सम्बन्धी सीप विकास तालिम।

## ३. तालिम सञ्चालन गर्ने निकाय

आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, आँबुखैरेनी-३, तनहुँ।

## ४. तालिम सञ्चालनको उद्देश्य

क. सहभागीहरूलाई मोबाइल फोन मर्मतसम्बन्धी आधारभूत तथा व्यावहारिक ज्ञान र सीप प्रदान गर्ने।

ख. मोबाइल फोनका विभिन्न पार्टपुर्जा, हार्डवेयर तथा सफ्टवेयरसम्बन्धी जानकारी प्रदान गर्ने।

ग. मोबाइल फोनमा देखिने सामान्य तथा प्राविधिक समस्याहरू पहिचान र समाधान गर्न सक्षम बनाउने।

घ. मोबाइल फोन मर्मतका लागि आवश्यक उपकरणहरूको सुरक्षित तथा प्रभावकारी प्रयोग गर्न सिकाउने।

ङ. मोबाइल मर्मत केन्द्र, मोबाइल पसल तथा सम्बन्धित व्यवसायमा रोजगारी प्राप्त गर्न आवश्यक सीप विकास गर्ने ।

च. सहभागीहरूलाई आफ्नै मोबाइल मर्मत व्यवसाय सञ्चालन गर्न आवश्यक आधारभूत उद्यमशीलता तथा व्यावसायिक ज्ञान प्रदान गर्ने ।

## ५. लक्षित सहभागी

आँबुखेरैनी गाउँपालिकाभित्रका रोजगारीको खोजीमा रहेका युवा, स्वरोजगार हुन इच्छुक व्यक्ति, तथा मोबाइल फोन मर्मत पेशामा रुचि भएका अन्य लक्षित व्यक्तिहरू तालिममा सहभागी हुन सक्नेछन् ।

## ६. तालिम सञ्चालन विधि र प्रकृया

क. तालिम सञ्चालनको लागि स्वीकृत लागत अनुमानको आधारमा परामर्शदाताले आफ्नो प्रस्तावमा पेश गर्नुपर्नेछ ।

ख. गाउँपालिकाले कार्यगत शर्त र लागत अनुमान स्वीकृत गर्नेछ ।

ग. सार्वजनिक खरिद ऐन २०६३ र नियमावलीमा उल्लेखित प्रावधानको परिधि भित्र रहि सूचिकृत परामर्श सेवालाई प्रस्तावहरु माग गरिनेछ र प्राप्त प्रस्तावहरुबाट मुल्याङ्कन तथा छनोट समितिले उपयुक्त परामर्शदाता संस्था छनौट गरिनेछ ।

घ. छनौट भएको परामर्शदाता/ संस्थासंग कार्यक्षेत्रगत शर्त बमोजिम सम्झौता गरिनेछ ।

## ७. तालिम सञ्चालनका शर्तहरु

क. प्रशिक्षकको लागि CTEVT को सीप परिक्षण उत्तीर्ण भई तह-१ पुरा गरेको/ मान्यता प्राप्त तालिम प्रदायक संस्थामा प्रशिक्षकको रुपमा कम्तिमा २ वर्ष काम गरेको अनुभव भएको हुनुपर्नेछ ।

ख. तालिम ३९० घण्टा सञ्चालन गर्नुपर्नेछ ।

ग. तालिम सामाग्री, मेशिनरी औजार एवम् आवश्यक जनशक्तिको व्यवस्थापन तथा सहभागीलाई खाजा, तालिम स्थलको भाडा समेत सेवा प्रदायक परामर्शदाता संस्था स्वयम्ले नै गर्नुपर्छ ।

## ८. सेवा प्रदायकको भूमिका

सेवा प्रदायकले देहायबमोजिमका कार्यहरू सम्पन्न गर्नुपर्नेछ:

क) ३९० घण्टाको विस्तृत पाठ्यक्रम, कार्यतालिका र प्रशिक्षण विधि तयार गर्ने।

ख) कम्तीमा एक जना योग्य मुख्य प्रशिक्षक तथा आवश्यकतानुसार सहायक प्राविधिकको व्यवस्था गर्ने।

ग) १५ जना प्रशिक्षार्थीलाई पर्याप्त हुने तालिम स्थल, प्रयोगशाला, औजार र उपकरण उपलब्ध गराउने।

घ) प्रत्येक प्रशिक्षार्थीलाई व्यक्तिगत वा जोडीगत अभ्यासका लागि आवश्यक मोबाइल सेट, सर्किट बोर्ड र मर्मत सामग्री उपलब्ध गराउने।

ङ) हार्डवेयर, सफ्टवेयर, सोल्डरिङ, पार्टपुर्जा परिवर्तन र समस्या पहिचानसम्बन्धी व्यावहारिक तालिम दिने।

च) दैनिक हाजिरी, अभ्यास अभिलेख र प्रशिक्षकको कार्यसम्पादन विवरण राख्ने।

छ) प्रारम्भिक, मध्यावधि र अन्तिम सीप मूल्याङ्कन सञ्चालन गर्ने।

ज) व्यवसाय सञ्चालन, लागत निर्धारण, ग्राहक सेवा र स्वरोजगारसम्बन्धी अभिमुखीकरण गर्ने।

झ) तालिम सम्पन्न भएपछि अन्तिम प्रतिवेदन, खर्च विवरण, सामग्री विवरण र उपलब्धि गाउँपालिकामा पेस गर्ने।

## ९. पाठ्यक्रम विभाजन (३९० घण्टा)

| क्र.सं | विषय | घण्टा |
|---|---|---|
| १) | मोबाइल फोनको परिचय, सुरक्षा र इलेक्ट्रोनिक्सका आधारभूत ज्ञान | ३० |
| २) | मोबाइल हार्डवेयर, सर्किट तथा कम्पोनेन्ट पहिचान | ६० |
| ३) | मोबाइल खोल्ने, जोड्ने, परीक्षण र मर्मत अभ्यास | ९० |
| ४) | सोल्डरिङ, डिसोल्डरिङ तथा पार्टपुर्जा परिवर्तन | ७० |
| ५) | मोबाइल सफ्टवेयर, फ्ल्यासिङ तथा सामान्य सफ्टवेयर समस्या समाधान | ५० |
| ६) | समस्या पहिचान तथा वास्तविक सेटमा प्रयोगात्मक अभ्यास | ६० |

| | | |
|---|---|---|
| ७) | व्यवसाय व्यवस्थापन, ग्राहक सेवा र स्वरोजगार अभिमुखीकरण | १५ |
| ८) | अन्तिम मूल्याङ्कन तथा सीप परीक्षण | १५ |
| | जम्मा | ३९० |

**१०. आँबुखैरेनी गाउँपालिकाको जिम्मेवारी**

क) स्वीकृत बजेटको सीमाभित्र रही तालिम सञ्चालनको आवश्यक प्रशासनिक तथा वित्तीय प्रक्रिया पूरा गर्ने।

ख) सेवा प्रदायक छनोटका लागि TOR, लागत अनुमान तथा खरिदसम्बन्धी कागजात तयार गर्ने।

ग) प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनअनुसार योग्य सेवा प्रदायक छनोट गरी सम्झौता गर्ने।

घ) तालिममा सहभागी हुने १५ जना व्यक्तिको छनोट पारदर्शी, समावेशी र लक्षित वर्गलाई प्राथमिकता दिने गरी गर्ने।

ङ) तालिम सञ्चालनको समयतालिका, पाठ्यक्रम, प्रशिक्षक तथा तालिम स्थल स्वीकृत गर्ने।

च) तालिमको नियमित अनुगमन, निरीक्षण तथा गुणस्तर परीक्षणका लागि जिम्मेवार कर्मचारी वा अनुगमन टोली तोक्ने।

छ) सेवा प्रदायकको कार्यसम्पादन, तालिमार्थीको उपस्थिति र प्रयोगात्मक अभ्यासको अभिलेख परीक्षण गर्ने।

ज) तालिम सम्पन्न भएपछि सम्झौताबमोजिमका कागजात र कार्यसम्पन्न प्रतिवेदन परीक्षण गरी भुक्तानी प्रक्रिया अगाडि बढाउने।

झ) तालिमबाट प्राप्त सीपलाई स्थानीय रोजगारी, स्वरोजगार तथा व्यवसाय सञ्चालनसँग जोड्न आवश्यक सहजीकरण गर्ने।

## ११. तालिमका विषयवस्तु

सेवा प्रदायक संस्थाले CTEVT को स्वीकृत पाठ्यक्रम/ सीप मापदण्ड अनुसार तालिम सञ्चालन गर्नुपर्नेछ ।

## १२. प्रशिक्षकको न्यूनतम योग्यता

तालिम प्रदायक संस्थाले व्यवस्था गर्ने प्रशिक्षकमा देहाय बमोजिम योग्यता तथा अनुभव हुनुपर्नेछ ।

क. मोबाइल फोन मर्मत सम्बन्धी प्राविधिक तालिम वा सम्बन्धित विषयमा प्राविधिक योग्यता हाँसिल गरेको ।

ख. मोबाइल फोन मर्मत क्षेत्रमा कम्तीमा २ वर्षको व्यवहारिक अनुभव भएको ।

ग. मोबाइल फोनको हार्डवेयर तथा सफ्टवेयर सम्बन्धी आधारभूत र व्यवहारिक ज्ञान भएको ।

घ. प्रयोगात्मक रुपमा सहभागीहरुलाई सीप सिकाउन सक्ने क्षमता भएको ।

ङ. सम्बन्धित क्षेत्रमा तालिम सञ्चालन गरेको अनुभव भएकालाई प्राथमिकता दिइने छ ।

## १३. प्रस्तावकहरुको छनौट तथा मुल्याङ्कन विधि

सूचना प्रकाशन पश्चात रितपूर्वक पेश हुन आएका प्रस्तावहरुलाई सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भएका प्रावधानको आधारमा रहि मुल्याङ्कन गरिनेछ । मुल्याङ्कनमा सबैभन्दा कम दरेटमा गुणस्तरीय सेवा दिने प्रस्तावदातालाई यस कार्यका लागि छनौट गरिनेछ ।

## १४. सेवा प्रदायकले पेश गर्नुपर्ने कागजात

- ✓ संस्थाको दर्ता प्रमाणपत्र
- ✓ PAN/VAT प्रमाणपत्र
- ✓ कर चुक्ता प्रमाणपत्र
- ✓ सम्बन्धित तालिम सञ्चालन गर्ने अधिकार/ अनुमति भए सोको प्रमाण
- ✓ प्रशिक्षकको CV तथा योग्यता/ अनुभवका प्रमाणपत्र
- ✓ तालिम सञ्चालन सम्बन्धी अनुभवको विवरण

✓ तालिम सञ्चालन कार्ययोजना

✓ आवश्यक उपकरण तथा सामाग्रीको विवरण

✓ प्रति प्रशिक्षार्थी लागत विवरण

✓ अन्य प्रचलित कानूनबमोजिम आवश्यक कागजात

**१५. तालिम प्रतिवेदनका पक्षहरु**

क. तालिम सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ख. स्थानिय तहका प्रतिनिधिहरुद्वारा नियमित अनुगमन गर्नु/गराउनुपर्नेछ ।

ग. तालिम अवधिमा कम्तिमा २ पटक अनुगमन हुनुपर्नेछ ।

**१६. रकम भुक्तानी पक्षहरु**

क. सम्झौता अनुसार तयार गरी कार्यक्षेत्रगत शर्त पुरा गरेपछी भुक्तानीको योग्य हुनेछ ।

ख. सम्झौता अनुसार तालिम सम्पन्न भएपछि तालिमको प्रतिवेदन, सक्कली बिल भरपाई, कर बिजक, तालिमका फोटोहरु सहभागी उपस्थिति तथा अनुगमन मुल्याङ्कन प्रतिवेदन लग बुक समेत भुक्तानीको निवेदन पश्चात मात्र भुक्तानीको लागि योग्य हुनेछ ।

**१७. सम्झौताको अवधि**

सम्झौता भएको मितिदेखि तालिम सम्पन्न गरी आवश्यक प्रतिवेदन पेश नभएसम्म वा सम्झौतामा तोकिएको अवधिसम्म लागू हुनेछ ।

**१८. अन्य**

यस TOR मा उल्लेख नभएका विषयहरु प्रचलित कानुन, गाउँपालिकाका स्वीकृत निर्णय तथा सम्झौताका शर्तअनुसार हुनेछ ।

| | |
|---|---|
| ............ | ............ २०८१/०९/१६ |
| **तयार गर्ने** | **स्वीकृत गर्ने** |
| राधिका देवकोटा | विकास प्रसाद शर्मा |
| रोजगार संयोजक | प्रमुख प्रशासकीय अधिकृत |